कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ५६ ने. सं. ११३२ अनलाथ्व पञ्चमि बुधवाः २०६९ भाद्र ६ गते बुधवार (Aug - 22, 2012) मुल्य : ५/– (न्यातका)

## कीर्तिपुर नयाँ बजारको मूल सडक ढलान

# इस्टिमेट एउटा काम गर्दा अर्कै तरिका

**कीर्तिपुर सन्देश /**

कीर्तिपुर नगरपालिकाले आ.व. २०६८/०६९ सालको अधिकांश बजेट बाटो निर्माणमा खर्च गरेका छन् । नगरभित्रका मुख्य बाटोहरू भग्नावशेषको रुपमा परिणत भैसकेको थियो । यसवर्ष नगाउँ दोबाटोदेखि भत्क्यापाटीको बाटो बनाउने क्रममा छ।



**कीर्तिपुर नगरपालिकाले आह्वन गरेको टेण्डरमा पारि कीर्तिपुर नयाँबजारमा रहेको मूल सडक ढलान गर्दै गरेको अवस्था**

कीर्तिपुरको प्रवेशद्वार रहेको नयाँबजार क्षेत्रमा पीच बाटो खाल्दा खुल्दी भएर सवारी चलाउनै अप्ठ्यारो महसुस गरिरहेको बेला गत साउन ३१ गते बुधवार देखि उक्त बाटो ढलान गर्ने शुरु गरेको थियो । पीच गर्दा वर्षेनी पीच उप्केर हैरान भैरहेको ठाउँमा कंक्रित ढलान गर्न लागेको देख्दा स्थानीयवासीहरू खुशी भएका थिए । आफ्नो ठाउँको ढलान राम्ररी होस भनेर नेवाः स्वायत्त राज्य मंकाः परिषद र स्थानीय जनता मिलेर अनुगमन समिति बनाई आलोपालो गरी अनुगमन गर्न थालियो । पहिलो दिनको ढलान राम्ररी गरेको थियो । दोस्रो दिन अलि खराव ढलान गरियो । तेस्रो दिन त ठेकेदारले हदैसम्मको धाँधली गर्न खोज्यो । उक्त बाटोमा साढे दुई लाईनको डण्डी राखेको छ । डण्डीको फरक १० इञ्च राख्ने कुरा थियो तर राखियो १२ इञ्चको फरक गरी । यसरी राख्दा १५ फुटको एउटा जालीमा ६ वटा डण्डी किफायत हुन्छ । कति किलो डण्डी किफायत गऱ्यो होला अनुमान गर्नुस् । मसला बनाउँदा एक बोरा सिमेन्ट, डेढ बोरा बालुवा र ३ बोरा रोडा राख्ने इस्टिमेट थियो । यही मापदण्डलाई मानेर नेवाः स्वायत्त राज्य मंकाः परिषदको अनुगमन टोलीले अनुगमन गर्दा वालुवा ४ भाग र रोडा छ भाग राख्नु पर्नेमा वालुवा ५ भाग रोडा ७ भाग राखिसक्दा पनि अरु राख्न खोजेको बेला मंकाः परिषदको अनुगमन टोलिले रोक्दा ठेकेदारले रोक्न दिएन । तिमीहरूलाई के मतलब भनेर झगडा गर्न खोजेको थियो । मुख छाड्यो । मंकाः परिषदका कार्यकर्ताहरूको संयमताले गर्दा झगडा हुनबाट रोकियो । आखिरमा बढी भाग राख्न खोज्ने मजदुरहरूको हात रोक्नु परेको थियो । यी मजदुरहरूको के दोष ? ठेकेदारले राख भनेपछि राखीहाल्छ । अर्को कुरा यो ढलान ५ इञ्च हुनुपर्ने हो । कहिं कहिंमात्र ५ इञ्चको मोटाई होला नत्र अधिकांस ३ इञ्चदेखि ४ इञ्चको राखेको छ । जनताले तिरेको करबाट जनताको लागि बनाउन लागेका बाटोको अनुगमन गर्ने जनताको अधिकार र कर्तब्य पनि हो । अनि जनताले अनुगमन गऱ्यो भनेर ठेकेदार किन रिसाउँछ । ग्रेडर चलाईसकेपछि कम्पाक्सनका लागि रोलर चलाउनु पर्नेमा नचलाएको, ढल निकासमा राखेका मेन होल उठाएर ढलान गर्नु पर्नेमा नउठाई सो बराबरमात्र ढलान गर्दा ३ इञ्च भन्दा बढी ढलान नभएको स्पष्ट देखिन्छ । यस्तो किसिमले ढलान गर्दा पनि नगरपालिका मूक दर्शक भएर बस्नु रहस्यमय छ भनी स्थानीयवासीले बताएका छन् । कीर्तिपुरका ठेकेदारहरूको कार्टेलिंगले गर्दा बाहिरका कोही पनि ठेकेदारले यहाँ काम गर्न सक्दैनन् । आपसी तालमेलमा नगर पालिकाले दिएको लागतमा हजार दुईहजार मात्र फरक गरी टेण्डर पास गराउँने सुत्रले बताएको छ । आइन्दा नगरपालिकाले टेण्डर आव्हान गर्दा ई टेण्डर मार्फत गर्नुपर्छ । ताकि बाहिरका ठेकेदार हरूले पनि निर्धक्क भएर टेण्डर राख्न पाउनु पर्ने स्थानीयवासीहरूले बताएका छन् ।


# VACANCY

Post : Jobber
Nos : 10
Qualification : Minimum +2 in any discipline
Extra Qualification : Must be expert in word, Excel and Internet Searching & Typing Speed
Salary : NRS 20,000 +
Interested Candidate Ca Apply with their hand written application, CV and testimonials
For More Details Contact

Mobiland Investment Pvt.Ltd
Ph 4332057
(Note : Selected Candidates should be taken paid)

मोबिल्याण्ड इन्भेष्टमेन्ट
लगानीको नयाँ क्षेत्र

**तपाई पनि सुन, चाँदी, तामा, पितल, कच्चा तेलको अन्तर्राष्ट्रिय बजार मा सुरक्षित लगानी गरी प्रतिफल पाउन चाहनु हुन्छ भने हामी तपाईलाई सहयोग गर्छौं ।**

**पहिला बुझ्नुहोस, सिक्नुहोस अनि आफूलाई सुरक्षित भए मात्र लगानी गर्नुहोस् ।**

**विस्तृत जानकारीका लागि**

**मोबिल्याण्ड इन्भेष्टमेन्ट प्रा.लि.**

**नयाँबजा, कीर्तिपुर, सम्पर्क फोन : ४३३२०५७**

**नयाँ**

**शो रूम खुल्यो**




CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।

युनिक टेलर्स नयाँबजार, फोन ४३३१०७८




**नेपालभाषाया**

**उपन्यास**

**"व सु"**

**व**

**"थः सु कतः सु"**




**बजारय् पिहां वये धुंकूगु दु थःगु प्रति सुरक्षित यानादिसँ ।**

**व सु या मू ५० ।- अले थः सु कतः सु या मू ७५।-**

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक:
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# राष्ट्रपतिको कदम र विवाद

नेपालको राजनीतिमा नयाँ ढंगवाट दल र नेताहरु ध्रुविकृत भएका छन् । विगतको तुलनामा पछिल्लो समयमा भएको ध्रुविकरण नेपालको राजनीतिका लागि अत्यन्तै खतरनाक बन्न सक्ने अवस्था छ ।

वर्तमान कामचलाउ सरकारले स्वीकृतिका लागि पठाएको अध्यादेशलाई राष्ट्रपति डा. रामवरण यादवले अस्वीकृत गर्दै फिर्ता पठाए पछि नेपालका राजनीतिक दल र नेताहरु राष्ट्रपतिको कदमलाई समर्थन गर्ने पक्ष र त्यसको विरोध गर्ने पक्षमा ध्रुविकृत भएका हुन् ।

यो ध्रुविकरणमा मूल रुपमा सत्ताधारी दलहरु राष्ट्रपतिको कदमको विरोध गर्दै आवश्यक भए राष्ट्रपति विरुद्ध नै संघर्ष गर्ने चेतावनी दिदै आएका छन् भने अर्कोतिर नेपाली कांग्रेस, एमाले, नेमकिपा लगायतका नेताहरुले राष्ट्रपतिको कदमलाई स्वागत गरेका छन् । यस अर्थमा राष्ट्रपतिको कदमले गर्दा नेपालका राजनीतिक दलहरु अझ बढी ध्रुविकरण भएको र राजनीतिक सहमतिका लागि झन झन जटिल बन्दै गएको अवस्था छ ।

यस वीचमा कांग्रेस, एमालेले वर्तमान सरकारलाई अपदस्त गरि नयाँ सरकार गठन गर्नुपर्ने कुरालाई जोड दिदै आएका छन् भने कांग्रेस एमाले भन्दा पनि एक कदम अघि बढेर नेपाल मजदुर किसान पार्टीले त झन राष्ट्रपति शासन नै लागू गर्नुपर्ने कुरा सार्वजनिक रुपमा ब्यक्त गर्दै आएका छन् ।

नेपालको अन्तरिम संविधान अनुसार हेर्न सक्ने, बुझ्न सक्ने तर बोल्न र गर्न नसकिने राष्ट्रपतिले पछिल्लो कदम चाल्नका लागि उक्साउने कार्य स्वयं विपक्षी दलका नेताहरुले गरेको र अहिले आएर राष्ट्रपति समेत विवादमा आएको अवस्था छ । वर्तमान सरकारलाई संविधानसभा नभएका कारणले कामचलाउ सरकार हो भनी घोषणा गर्ने राष्ट्रपति पनि संविधानसभा नभइसकेको अवस्थामा कामचलाउ हुने दावी समेत नेताहरुले गर्न थालेका छन् ।

संविधानसभा रहेको अवस्थामा संविधानसभाप्रति उत्तर दायीत्व रहने राष्ट्रपति अब कोहिप्रति पनि उत्तरदायीत्व नहुने अवस्थामा राष्ट्रपति नराम्रोसंग विवादमा फसेका छन् । अव राष्ट्रपतिसंग शासन सत्ता आफ्नो हतमा लिनुपर्छ भनी समेत कुनै कुनै नेताहरुले उक्साइरहेको अवस्थामा के साँच्चै प्रधानमन्त्रीलाई अपदस्त गरि नयाँ सरकार गठनतिर लागेमा नेपालको राजनीतिक कतातिर जाने हो भनी सचेत नागरिकहरुले प्रश्न गर्न थालेका छन् ।

# राजनैतिक संकटको निकास प्रधानमन्त्रीको राजीनामा की राजनैतिक सहमति ?

पि.एल.महर्जन ——

मुलुक अहिले राजनैतिक संकटको अवस्थामा छ। राज्यको तिन अंग मध्ये बिधायीकी अंग अहिले अस्तित्वमा छैन। बिधायीकी अंगलाई नयाँ ढंगले कसरी पुनर्स्थापित गर्ने र मुलुकको विधान कस्तो बन्ने भन्ने विषयलाई थाँती राखेर अहिले सरकार समर्थित पार्टी बाहेक सबै राजनैतिक दलहरू एक सुत्रीय डा. बाबुराम भट्टराईको राजीनामाको मागमा केन्द्रित भएर राजनैतिक समस्यालाई अड्को थापेर बसेका छन् । मानौ डा. बाबुराम भट्टराईले राजीनामा दिने बित्तिकै चार बर्षदेखि थाँती विवादित राजनैतिक मुद्दा राज्यको शासकीय स्वरुप, संघीय संरचना, सहमतीय सरकारका बिषय एक निमेषभरमा समाधान हुन्छ।

धेरै लामो ईतिहास पल्टाउनु पर्दैन। भर्खरै भंग भएको संबिधान सभाबाट किन संबिधान बन्न सकेन ? आखिर बिना संबिधान निर्माण संबिधान सभा भंग हुनुमा कसको दोष छ ? माओवादी लडाकु (जनमुक्ति सेना)को नेपाली सेनामा समायोजन अघिका एमाले र काँग्रेस पार्टीका जिम्मेवार नेताका धारणाहरूलाई निष्पक्ष भएर बिश्लेषण गरे पुग्छ। जेठको १४ गते बिहान देखि राती १२ बजेसम्मको विचार र १५ गते पछिका अभिव्यक्तिलाई एकै ठाउँमा जोडेर बिश्लेषण गर्‍यौं भने घाम जस्तै छर्लङ्ग हुनेछ। सेना समायोजन भएको १ हप्ता भित्र संबिधान निर्माण हुन्छ भन्नेहरू सेना समायोजन भएको २ महिनामा पनि संबिधान निर्माण हुन सकेन। बरु उल्टै संबिधान निर्माणमा बाधक बनिरहे। संबिधान नबनी संबिधान सभा भंग भयो भने राजनैतिक संकट आउन सक्छ त्यसका लागि समयमै म्याद थपको प्रस्ताव डा. बाबुराम भट्टराईले ल्याएकै हो। जसले त्यसको विरोध गरे तिनिहरू नै आज संबिधान सभा भंग गरेर डा. बाबुराम भट्टराईले षडयन्त्र गर्‍यो भनेर तिन बित्ता उफ्रेर नौटंकी गरिरहेका छन्। संबिधान सभाको म्याद थप्न पाईदैन भनेर सर्वोच्चको फैसलालाई स्वीकार गर्नेहरू त्यहि फैसलामा अर्को विकल्पको रुपमा सुझाएको उल्लेखित संबिधानसभाको चुनाव प्रधानमन्त्री डा. बाबुराम भट्टराईले घोषणा गर्दा त्यो हुन सक्दैन भनेर दुई जिब्रे कुरा गर्दैछन्।

बिरोधासपुर्ण कुरा अहिलेको सरकारलाई काम चलाउको सज्ञा दिदैछ । यति संज्ञा दिएर खुरु खुरु सहमतिको नयाँ सरकार बनाउन तिर लागे हुन्थ्यो तर विपक्षी दलका मतिभ्रष्ट नेताहरू काम चलाउ सरकारको राजीनामा माग्दैछ। संसारमा कहिं पनि त्यस्तो व्यवस्था छैन जहाँ कामचलाउ सरकारको प्रमुखले राजीनामा दिएको होस्। जसले राजीनामाको मुद्दालाई प्रमुख बनाएर हिडेको छ त्यसले यो सरकारलाई काम चलाउ सरकार होईन भन्न सक्नुपर्छ। काम चलाउ सरकारको आरोप र राजीनामा विरोधाभासपुर्ण छ जुन अहिले एमाले र काँग्रेस लगायतका पार्टीले गरिरहेका छन्।

अर्को विरोधाभासपुर्ण कुरा हो, बर्तमान प्रधानमन्त्री संबिधानसभा सदस्य नरहेकोले प्रधानमन्त्री भईर हने अधिकार छैन। कति वाहियात कुरा गर्दैछन् बिरोधी दलहरू । डा. बाबुराम भट्टराई यदि संबिधान सभाको सदस्य नरहेकै कारणले हट्नु पर्ने हो भने यो मुलुकका कुनै नेपाली नागरिक अब प्रधानमन्त्री बन्न पाउँदैनन् भन्ने कुरा हेक्का राख्नु पर्छ की पर्दैन। किनकी आज नेपालमा कोही पनि सभासद छैन। यति कुराको त राम्रो सुझबुझ हुनुपर्ने हो विपक्षी नेताहरूलाई। के बिपक्षी दलहरूले र ाखेको यो कुतर्कले उनीहरूको आफ्नै धज्जी उडाउने काम भएन र ? कथमकदाचित भोली राष्ट्रिय सहमतिय सरकार बन्यो भने पनि यी र यस्ता कुराले उनीहरू आफैलाई व्यवधान ल्याउन सक्दछ।

त्यस्तै आफैले राखेको विचार सँग नमिल्ने गरि कार्यकारी राष्ट्रपतिको बिरोध गर्नेहरू नै राष्ट्रपतिलाई सक्रिय हुन गुहारीर हेका छन्। त्यति मात्र होईन हिजो राजाले शेरबहादुरलाई हटाउँदा कस्तो परिणती भोग्न पर्‍यो त्यो सबै नेताहरूको दिमागमा ताजा हुनु पर्ने हो । यसलाई बिर्सेर मानिसहरू किन त्यहि घटनाक्रमलाई दोहोर्‍याउन लालयित भएको होला। आज यो देशमा नयाँ संबिधान बन्न नसक्नुमा राजनैतिक दलहरू बीच असहमतीको एजेण्डाहरू मध्येकै महत्वपुर्ण एजेण्डा राज्यको शासकीय स्वरुपको बिषय। जसमा एमाले काँग्रेस लगायतका दलहरू कार्यकारी राष्ट्रपतिको घोर बिरोध गरे । जो कार्यकारी र ाष्ट्रपतिको बिरुद्ध उभिए उनीहरू आज राष्ट्रपतिलाई सक्रिय हुन बिन्ती भाउ गर्दैछन् । कि त र ाष्ट्रपतिय शासन प्रणालीको घोर बिरोधीहरू अहिलेको राष्ट्रपतिलाई बिन्ती भाउ गर्न जान हुदैन थियो । या त्यस्तो बिन्ती भाउ गर्नेहरूले कार्यकारी राष्ट्रपतिय शासन प्रणालीको पक्षमा उभिनु पर्ने हो । सरकार विरोधी कथित २७ राजनैतिक दलले के बुझ्न जरुरी छ भने डा. बाबुरामलाई हटाएर सुशील वा के.पी. ओलीलाई प्रधानमन्त्री बनाउनको लागि नेपाली जनता सडकमा आउनेवाला छैन । र काँग्रेस, एमालेले राम्रो हेक्का राखे हुन्छ जनताहरू अहिले अबुझ छैनन्। राजनैतिक दलहरूको खिचातानी अरु केहिको लागि होईन बरु कुर्सी कै लागि हो भन्ने कुरा जनतालाई राम्रो सँग थाहा पाईसकेको छ । पछिल्लो पटक सरकार विरोधी २७ राजनैतिक दलले जेष्ठ २७ गते खुल्ला मञ्चमा गरेको शक्ति प्रदर्शनले पनि यो पुष्टि गरि सकेको छ । जनताले डा. बाबुराम भट्टराईबाट धेरै नै आशा अपेक्षा गरेको छ। जनताको जनजीविकाको सवालमा सरकारको तर्फबाट राहतको महशुस गर्न पाईरहेका छैनन् । धेरै नै अपेक्षा गरेको सरकारबाट कृषि मल, पेट्रोलियम पदार्थ लगायतका सामग्रीको सहज आपूर्ति र वितरणमा समेत कुनै परिवर्तन अनुभुति गर्न सकेको छैन । जनताको प्रत्यक्ष सरोकार राख्ने विभिन्न सरकारी निकायहरूमा खुल्लम खुल्ला भ्रष्टाचार व्याप्त छ। प्रधानमन्त्री आफै बिगतमा अर्थमन्त्री हुँदाको अवस्थामा ल्याएको स्वरोजगारको कार्यक्रम लक्षित वर्गसम्म पुग्न सकेको छैन। रुग्ण एवं बन्द उद्योग, कल कारखाना पुन:सञ्चालन गर्ने भनिएको कुरैमा सिमित छ। हुन त सरकारलाई सबैभन्दा भ्रष्ट छवि भएका मधेशवादी दलहरूको समर्थन लिएर सरकार टिकाउनु पर्ने विवशता पनि त्यसको कारक हुन सक्ला तर आमुल परिवर्तनको एजेण्डा बोकेर लामो समय भुमिगत संघर्ष गरेको पार्टी माओवादीका मन्त्रीहरूले भए पनि कमसेकम जनजिवीकाका सवालमा जनताले अनुभुति हुने गरि परिवर्तन गरेर देखाईदिनु पर्ने हो। जुन उद्देश्यले स्थापना भएका सरकारी संरचनाहरू छन् ती संरचनाहरूका सहि सञ्चालन हुन सकेको छैन । सडक विस्तार, सुकुम्बासी, कृषि मल, पेट्रोलियम पदार्थ, काला बजार नियन्त्रण, भ्रष्टाचार नियन्त्रण, रुग्ण तथा बन्द उद्योगका पुन: संञ्चालन तथा नयाँ रोजगारीको सृजना जस्ता सबै कार्यका पछाडी प्रधानमन्त्री आफै कुदेर त्यो सम्भव हुन्न । यी र यस्ता जनजिविकाको सवालमा जनतालाई राहत हुने गरि प्रधानमन्त्रीले कार्यक्रम ल्याईदिने हो भने न त जनताले यहि सरकारलाई विरोध गर्नेवाला छ न त सरकारको विरुद्ध सडकमा जाने युवाहरू नै हुनेछन्। जनताले डा. बाबुराम भट्टराईको राजिनामा चाहेको छैन न त बाबुराम भट्टराईलाई हटाएर कुनै कोईराला, देउवा वा नेपाललाई दिने पक्षमा छ।

अन्तमा एउटा संबिधानसभाका घोर बिरोधीहरूले आज संबिधान सभाका हिमायती नेताहरूलाई संबिधान सभाको हत्या गरेको अर्थहिन आरोप प्रत्यारोपमा समय खेर फाल्नु भन्दा हिजो जहाँनेर राजनैतिक असहमतिका कारण संबिधानसभा भंग भएको हो। त्यहिबाट सहमति जनाउँदै सहमतिय चुनावी सरकार बनाउनुको विकल्प छैन । नभए प्रचण्डले भने जस्तै अर्को बिस बर्षसम्म पनि यहि सरकार रहि रहनेछ।

## कीर्तिपुर नगरपालिका वडा नं.३ भरियापुखुसीमा भीषण आगलागीवाट पीडित परिवारजनलाई चन्दा सहयोग दिनु हुने व्यक्ति, संघ संस्थाहरूको विवरण क्रमस: यस पत्रिकामा प्रकाशित गर्दै जाने जानकारी गराउन चाहन्छु । (संपादक)

कृष्णवहादुर महर्जन-त:ननी १०००।-
रामेश्वर महर्जन- नयाँवजार १०००।-
हिरावहादुर तण्डुकार-साननी-३ ८००।-
सानुनानी शाक्य- त:ननी- ६५०।-
रामकृष्ण महर्जन- कुतुझो ६५०।-
दिलमाया (नेपाल प. ध्यान केन्द्र)–
चिलन्चो ६३०।-
रु.६०० सहयोग गर्नु हुने महानुभावहरू: केशरत्न बजांचार्य -सिंद्वा:-४ , श्याम वहादुर महर्जन- गल्छें, नरवहादुर महर्जन- नयाँबजार ग:सी रु.५५०।-सहयोग गर्नुहुने महानुभावहरू: बेखादास महर्जन -ध्वाक्सी, जुजुभाइ महर्जन भरियापुखु-३, हरीमाया महर्जन- ध्वाक्सी ३, श्यामकृष्ण श्रेष्ठ-नयाँवजार, र ाजेन्द्र महर्जन- ध्वाक्सी ५४०।-, भुयु महर्जन - ध्वाक्सी ३– ५३०।-, नातीभाइ महर्जन ध्वाक्सी ३– ५३०।- रु.५२०।-सहयोग गर्नुहुने महानुभावहरू: महेन्द्र महर्जन -त:ननी-३, लोकनाथ महर्जन - भरियापुखु गुण्डा महर्जन- ध्वाक्सी-३कृष्णवहादुर महर्जन-भरियापुखु,अशोका (भाइ) महर्जन-भरियापुखु रु.५१० सहयोग गर्नुहुने महानुभावहरू: देव सिं महर्जन– साननी-३ कृष्णवहादुर बज्राचार्य-चिलन्चो, ध्रुव महर्जन-चिलन्चो-४ अष्टवहादुर महर्जन- भरियापुखुसी हरिशरण महर्जन-गुत्पौ-४, चिनकाजी श्रेष्ठ- सिंहदुवा, पूर्ण बज्राचार्य-चिलन्चो-प्रदिप महर्जन- ध्वाक्सी-३ ५०७- रु.५०५।-सहयोग गर्नुहुने महानुभावहरू : धनकाजी शाक्य- भरियापुखु-३ राजकुमार महर्जन- भरियापुखु-३ चन्द्रमान बज्राचार्य- चिलन्चो-४, मानवहादुर श्रेष्ठ-ध्वाक्सी-३ कविलास महर्जन- भरियापुखु-३, दुर्गा श्रेष्ठ- मातख्य:-४,लक्ष्मण महर्जन-ध्वाक्सी-३,नरवहादुर महर्जन- चिठू-३, कृष्णमाया श्रेष्ठ-भरियापुखुस्वयम्भू बज्राचार्य-नयाँवजार-३,रमिला श्रेष्ठ- नयाँवजार ध्वाक्सी, भाइलाल महर्जन- नयाँवजार,गिता (छोरी) महर्जन- सुनाकुठी, बलवहादुर महर्जन-साननी-३ रु.५००।- सहयोग गनुहुने महानुभावहरू: चन्द्रवहादुर शाही - ढोकासी-४ गुज्जे मालाकार - भरिया पुखुसी-३ हिरावहादुर श्रेष्ठ- मातख्य:-४ - रत्नवहादुर कपाली- ध्वाक्सी-३ लक्ष्मीशोभा कपाली- साननी-३, हिर ाकुमारी महर्जन - साननी-३, पूर्ण परियार - ध्वाक्सी-३, हिरालाल महर्जन-तननी-३, मिना महर्जन-भरियापुखु-३ नरेन्द्र श्रेष्ठ-मातख्य:-४ रत्नवहादुर श्रेष्ठ-मातख्य-४,चिरीमैंया जोशी- मातख्य:-४,ऋषि जोशी- मातख्य:-४राजेन्द्र श्रेष्ठ- ध्वाक्सी-३, शान्तराम महर्जन- साननी-३ रामेश्वर महर्जन-भरियापुखु-३ बिरमाया महर्जन-नयाँबजार-३, दानवहादुर महर्जन- गल्छे-२, हिराकाजी महर्जन-

# नेपालको सरकारी नीति तथा यसले अर्थतन्त्रमा पार्ने प्रभाव

**द्रबिन वहादुर श्रेष्ठ**

खसभाषा मात्रै सरकारी कामकाजको भाषा official language हुनुले नेपालको आर्थिक विपन्नता हट्नुमा प्रभावकारी नतिजा आउन सकेको छैन । त्यसमाथि पनि pre-school तथा elementary level को कमजोर पाठ्यक्रमले नेपालका गैर खसभाषी बालबालिकाहरूको मानसिक विकाशमा उल्लेखनीय प्रगति हुनसकेको छैन ।

नेवारले आफ्ना छोराछोरीलाई नेपालभाषा सिकाउन प्रोत्साहन गर्दैनन्, किन ?

१. खस भाषा बोल्दा त, ट र म, म सुनिनु ?

हाँसौं साथी हो एकछिन । म पनि हाँसे है त ! के यो बच्चा या गैर खसभाषी आमा बाबुको कमजोरी हो त ? पक्कै होइन । तर प्रायः हामीले सानैदेखि विद्यालयमा भोग्ने यो पनि एक किसिमको "बुल्ली" नै हो । र यसको अन्त्य सायदै हुन्छ होला । घरमा मातृभाषा सिकाउनु अति राम्रो हो तर विद्यालयमा हिज्जे, व्याकरण, वर्ण विन्यास जस्ता कुराहरूले बच्चाहरूले सिकेको मातृभाषालाई finishing touch दिने काम हुन्छ । जुन नेपालमा भैरहेको छैन । नेपालको विद्यालयमा स्वर सिकाइदैन । स्वर भन्नाले जस्तै अंग्रेजीमा sound B लाई बि भनेर उच्चारण नगरी /ब/ भनि सिकाउनु पर्थ्यो तर नेपालमा सो हुन्न । नेपालको अधिकांश विद्यालयमा A,B,C,D.... सिकाइन्छ/घोकाइन्छ तर हुनुपर्ने के हो भन्दा /आ,/ब,/स/ द/

यदि विद्यालयमा phonic तरिकाबाट सिकाइन्न भने पक्कै पनि स्कूले बालबालिकाहरू, जो घरमा मातृभाषा मात्रै बोल्छनलाई खस भाषा सिक्दा पछि त् ट र म म सुनिन्छ यही कारणले गर्दा पनि कतिपय आमाबाबुले आफ्ना नानीहरूलाई खस भाषा नै सिकाउने गरेको पाइन्छ तर यसले पनि त, ट र म म को समस्या हटेको पाइएको छैन तर Fluently खस भाषा बोल्न सक्ने चाहिं भएको छ । यदि हाम्रा नीजि तथा सरकारी विद्यालयहरूले यस्ता phonics तरिकाबाट नानीहरूलाई भाषा सिकाउने हो भने यो एकदमै प्रभावकारी हुन्छ अनि कुनै पनि भाषा सिक्दा राम्रोसंग उच्चारण गर्न सक्ने हुन्छन ।

२. अब रह्यो मुख्य कुरा किन नेवार ले आफ्ना छोराछोरीलाई नेपालभाषा सिकाउन प्रोत्साहन गर्दैनन् ? :

मौका बिना कसैले पनि केही सिक्दैन । मानिसले कुनै पनि कुरा सिक्नको लागि उसलाई दुईटा कुराहरूले drive गरेको हुन्छ १. living २. hobby.

जीवनयापनको लागि कुनै पनि कुरा सिक्न मानिसहरूको भिड लाग्छ तर hobby को लागि त्यति साह्रो लाग्दैन । अहिले नेपालभाषा सिक्ने क्रममा देखिएको मुख्य कमजोरी भन्नु नै जीवनयापनको लागि मौकाको कमि नै हो । मतलब नेपालभाषा सिकेको छ लिपि प्रयोग गर्न जान्दैनन् । ल मानौं कुनै व्यक्तिले भाषा पनि जानेको छ अनि लिपि पनि रे राम्रै कुरो हो । तर प्रयोग कता गर्ने ? घरमा मात्रै ? बाहिर कार्यालय, workshop, पसल, कारखाना आदि ठाउँमा प्रयोग भएको छ ? छैन किनभने नेपालको हालको संविधानले यसको प्रयोग सरकारी कामकाजको लागि निषेधित गरेको छ । यस्तो अवस्थामा हाम्रो भाषिक नियति कस्तो हुन्छ त ? त्यही भएर हामीले संविधानको परिमार्जन खोजेका हौं ।

हो, हामीले जीवनयापनको लागि भाषालाई माध्यम बनाउँछौं, अब नेपालभाषाको प्रयोग जीवनयापनको लागि भएन भने यसको कुनै मूल्य छ त ? त्यसैले हामीले हाम्रो कुनै पनि मातृभाषाको जीवन्तताको लागि मौकाको सिर्जना गर्नुपर्छ । कसरी ? अष्ट्रेलियामा चिनिया, भियतनामिज समुदायका मानिसहरूले कामको लागि विज्ञापनमा अंग्रेजी साथै मन्दारिन/ क्यान्टोनिज/ भियतनामिज भाषा बोल्न जान्नेले सम्पर्क गर्नु भनेर दिएको हुन्छ । यसबाट के बुझिन्छ भन्दा मन्दारिन/ क्यान्टोनिज/ भियतनामिज भाषीलाई उसले गर्ने काम अनि clients को प्राथमिकता अनुसार विज्ञापन मागेको छ । नेपालमा पनि यसको शुरुवात गर्न सकिन्छ । यसबाट local first भन्ने अभियान अगाडि बढाउन सकिन्छ । local first भनेको स्थानीयवासीलाई पहिले काम दिनु भन्ने हो । नेपालमा हेर्नुस अहिले स्थानीयवासीको समावेशिता आफ्नै गाउँमा खुलेको कारखाना, कार्यालयमै कम छ । नेपालको double digit inflation, high unemployment rate, यसबाट जन्मिने hight rate of crime ले स्थानीयबासी (local residents) एकदम पिडित छन ।

यसको लागि पनि हामीले हवाईमा जस्तो local jobs for local people भन्ने law pass गराउनु अपरिहार्य भैसककेको छ ।

According to Act 68, out-of-state workers should not be working on state and city jobs. The economy has not turned around and our workers are facing their third economically devastating year.

Local jobs for Local People is a call to action to all Hawaii redidents, from any union and any business sector who believe in getting Hawaii back to work. This campaign was created during a time of crisis and high unemployment in the state to expose the fact that local people are losing local jobs to companies from the mainland- http//www.dc50.org/local-jobs-for-local-people/

शुरुवात हामीबाटै गरौं । "स्थानीय काम स्थानीयबासीको लागि" भन्ने अभियान चलाऔं । विज्ञापन दिंदा "नेपालभाषा प्रष्ट बोल्न र लेख्न जान्ने चाहियो" भनेर दिनुस् । त्यसपछि नेपालभाषा बोल्ने अनि लेख्नेको प्रतिशत बढ्नेछ । यसको लागि हाम्रा busineess circle का नेपालभाषालाई माया गर्ने, जीवन्तता दिने, आफ्नो इतिहासलाई जोगाउने शुभचिन्तकहरूको खाँचो छ । हामी सबैको भूमिका, सहभागिता हुनु अति आवश्यक छ ।

यो उदाहरण मैले काठमाण्डौंको लागि मिल्ने गरी दिएको हुँ अरु भाषी दाजुभाइहरूले आफ्ना ठाउँहरूमा स्थानीयवासीको जीवनयापनको लागि मातृभाषाको प्रयोग गर्न सक्नुहुन्छ । यसले हाम्रो देशको आर्थिक विकासलाई टेवा पुऱ्याउने छ । नेपालको सबैभन्दा ठूलो समस्या भनेकै दुर्गम तथा शहरी अर्थतन्त्र विचको विकराल खाडल नै हो । यसलाई पुर्न स्थानीयवासीले स्थानीय तवरमा काम पाउनै पर्छ । यसको लागि स्थानीय व्यक्तिले पहिले स्थानीय काम पाउनै पर्छ । यदि सरकारले केही गर्दैन भने हामीले देशको अर्थतन्त्र साथै मातृभाषाको जीवन्तताको लागि स्थानीय तवरमै यस्तो कार्यको थालनी गर्नुपर्छ । यदि राज्यले कुनै जाति विशेषलाई मात्रै च्यापेर अन्धो राष्ट्रियताको खोल लगाइदिन्छ भने हामीले स्थानीय स्तर बाट भाषिक तथा आर्थिक विकाशको पहल गर्नै पर्छ ।

लोपोन्मुखतिर लागेको भाषाले जातीय पहिचान (Ethinic Identity) लाई कसरी घच्घच्याउँछ र ? र यो नेपालको परिप्रेक्षमा कसरी मेल खान्छ ?

शहिद शुक्रराज लगायत अरु नेपालभाषाका महान लेखक, भाषा प्रेमी महानुभावहरूको राणाकालमा राज्यको कायरतापूर्ण व्यवहारले (खसभाषा बाहेक अरु नेपालीभाषाहरू तथा भाषीहरूप्रतिको ज्यादती, विभेद) नेपालभाषाको लोपोन्मुख द्रुत गतिले बढिरहेको बेलामा भाषिक आन्दोलन, साँस्कृतिक आन्दोलनबाट केही हदसम्म जीवन्तता दिएका थिए । चुलिन लागेको आन्दोलनलाई पूर्णविराम लगाउने काम तत्कालिन पंचायत व्यवस्थाबाट भयो । लक्ष्मी प्रसाद देवकोटा शिक्षा मन्त्री हुँदा ताका खस भाषालाई मात्रै नेपाली भाषा भनि एकतर्फी रुपले, बदनियपूर्ण तरिकाले नामाकरण गऱ्यो । जबकि नेपालमा बोलिने सबै भाषा नेपाली हुन । पंचायत propaganda साथै पंचायती शिक्षा प्रणालीले यतिसम्म ब्रेन वाश गरिसक्यो कि 'खस' लाई खस भन्न लाज हुन्छ । अनि खस भाषालाई मात्रै नेपाली भाषा भन्दै सबैजना दौडिरहेका छन । पंचायत ढल्नुको प्रमुख कारण मध्ये राज्यको नेपालमा बोलिने अरु नेपालीभाषा प्रंतिको वर्षौं देखिको विभेद पनि एक हो । अहिलेसम्म पनि निरन्तर रुपमा भाषिक तथा सांस्कृतिक आन्दोलन गरिरहने पर्ने बाध्यता, राज्यको अरु नेपालीभाषा प्रतिको कुदृष्टि, भेदभावपूर्ण नीतिले नेपालमा जातीय पहिचानलाई अघि सार्ने कुरामा बल पुग्यो ।

Ghent University का रिसर्च प्रोफेसर Mark Janse ले प्रस्तुत गर्नुभएको "Language Death and Language Maintenance: Problems and Prospects: ले पनि यो माथि उल्लेखित कुराको पुष्ट गर्दछ । "As much as linguicide and linguistic discrimination may add to language death, they are at the same time powerful forces in the reawakening of ethinic identity feelings among speakers of endangered minority languages, which appears to have become a global trend from about 1970 onwards. Ethinic identity is often accompanied by an increased interest in language maintenance." http://ugent.academia.edu/Mark Janse/Papers/709890

Mark Janse अनुसार भाषिक जीवनन्तताको लागि के गरिनु पर्छ त ?

"Every language expresses thoughts and ideas in unique ways, both grammatically and semantically. A language is potentially endangered if the children start preferring the dominant language and learn the obsolescing language imperfectly."

"It is endangered if the youngest speakers are young adults and there are no or very few child speakers. On the community level, language endangerment can be reversed if the children are encouraged to relearn the language with the help of the surviving speakers in playing situations. Literacy programs and mother tongue education are of course essential as well, especially if they are backed up with language attitudes such as ethnic identity awareness."

The success of such programs depends in no small measure on national and international language policies such as official language status and linguistic human rights in general (Skuttnab-Kangas & Phillipson 1995)." - Mark Janse

जय नेपाली भाषाहरू ! जय नेपाल !

(मेलबाट प्राप्त भएको)

---

नेवाः म्ये

## दुघाः

रामभक्त महर्जन 'रमझम'
अमल्सि, किपू

नुगः घाःया वासः त्वं त्वं
विष सरह जुया बिल
सुख दक्व च्वीइकल
दुःख जक ल्यनां बिल

तसस्वी ऋषी छु स्यू
सागर गुलि तःजाः
जिगु मनया घाः जिं स्यू
गुलि दुघाः जू धका
गन मछिं अन हे व्हल
व्हगु स्वांलय् किपाः लुल ।

वाहे वयेमा धैगु मदु
खुसी न्हयांना च्वनेत
न्हयोने दयेमा धैगु मदु
छंगु लुमन्ति वयत
बाँध बाया लः बाः वंथें
त्वता वनां नुगः पँ म्हुइथें

कविता

## सगर्वित बाँच

**नेपाःमि अर्जुन**

कलपेर बाँच या कल्पनामा बाँच,
भन्नै पर्छ तिमी विपनामा बाँच,
सबजनका निम्ति भनौं या मेरै निम्ति
भन्नै पर्छ तिमी सम्झौतामा बाँच,
सबजनका निम्ति नसके आफ्नै निम्ति
प्रियजनको सम्झनामा बाँच,
हितैषी छन धेरै तिम्रा निम्ति
उनीहरूका निम्ति भए पनि विकल्पमा बाँच
सगर्वित बाँच्ने प्रणका साथ
बाँच्न कै निम्ति भए पनि संकल्पमा बाँच

बार्षिक २ सय रुपैंयामा ग्राहक बनौं
कीर्तिपुर सन्देश अफ्नै घरमा बसेर पढौं
कीर्तिपुर र देशको समाचार तपाईको कोठामा
सम्पर्क
कीर्तिपुर सन्देश साप्ताहिक फोन
४३३३००७/९८४१४०१०७७

## नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

**नेपालभाषा —— नेपाली भाषा**

खसु - *कुहिरो*
पुगाःगु - *तुसारो*
पौँ – असिना
पल्पसा – विजुली
च्वापु– हिउँ
वाफय् – हुरी
नँ न्याःगु–*मेघ गर्जन*
जितः हाँ न्यात–
मलाई माहुरीले टोक्यो।
जिगु पतिं मना वल
– मेरो औंला सुन्नियो।
जिमि पासाया तुति त्वधुल
-मेरो साथीको खुट्टा भाँचियो।
जिमि पासायात खिचां न्यात
-मेरो साथीलाई कुकुरले टोक्यो
जिगु ल्हातय् जुल –
मेरो हातमा घाउ भयो।
जित इकुसे च्वन -
मलाई रिंगटा लाग्यो।
जित ल्हवये वइ थें जुल–
मलाई वान्ता होला जस्तो भयो
प्याखँ हुलेगु मखुला ? –
नाच्ने होइन ?
न्हयाः - हो।
म्हाः - होइन।
गज्याःगु फिल्म स्वये यः ?–
कस्तो फिल्म हेर्न मन लाग्छ ?
वा वल – पानी पऱ्यो ।
निभाः त्वल- घाम लाग्यो
द्यः भुग्लुं च्वं - आकाशमा
बदली छ ।
थौं तसकं तांन्वः – आज
धेरै गर्मी छ ।
म्हिगः चिकु – हिजो
जाडो थियो ।
गबलें गबलें च्वापु वः –
कहिलेकाहिं हिउँ पर्छ ।
पल्पसा त्वल –
विजुली चम्किलो ।
सिमाय् मलः जूवल –
रुखमा चट्याङ पऱ्यो ।
गन स्याः ? –कहाँ दुख्छ ?
जिगु पुलि स्याः–
मेरो घुँडा दुख्छ ।
मस्याइगु वासः दुला ? -
नदुख्ने औषधी छ ?
जित म्हसुख मदु –
मलाई सञ्चो छैन ।
जितः सेखं चाल -
मलाई रुघा लाग्यो ।
जितः ज्वर वल – मलाई
ज्वरो आयो ।
जिगु ख्वालय् कै वल–
मेरो अनुहारमा खटिरा
आयो ।

# कीर्तिपुरका फुटवल प्रेमीहरूलाई खुशीको खबर



**नवीन महर्जन**

खेलकुद क्षेत्रमा सवभन्दा लोकप्रिय खेल भनेको फुटवल हो । विश्व खेल जगतमा सवभन्दा नाम, दाम र ख्याती कमाउन सफल भएको खेल भएकोले फुटवल खेल अग्रस्थानमा रहन सफल भएको छ । विश्वका सम्पूर्ण खेलप्रेमीहरूलाई विश्वकप फुटवल, यूरोकप, विभिन्न राष्ट्रका राष्ट्रिय लिगको प्रतिक्षा सधैं गरि रहेको हुन्छ। यस्को चर्चाको लहर नेपालमा पनि दिनप्रति दिन बढ्दै गएको छ । हाम्रो देशमा फुटवल प्रेमीहरूको संख्या कति छन् भन्ने कुरा विगतका अन्तर र्राष्ट्रिय प्रतियोगिताहरूमा दर्शकको उपस्थितिले देखाइ सकेका छन। वास्तवमा नेपालको खेल इतिहासमा व्यवसायिक रुपमा अँगाल्न सकेको खेल भनेको फुटवल नै हो। नेपालमा वर्षभरि मा राष्ट्रियस्तको आधा दर्जन प्रतियोगगिताहरू हुने गर्दछन । जस्तो शहिद स्मारक राष्ट्रिय लिग प्रतियोगिता, ब्रिटिश गोर्खा कप, पोखरामा हुने आहा गोल्ड कप, धरान गोल्ड कप, सिमरा कप, आदि आदि । त्यसैगरी एनसेल राष्ट्रिय महिला फुटवल प्रतियोगिताले महिला फुटवललाई पनि उकास्न ठूलो योगदान पुऱ्याईएको छ । यी विभिन्न प्रतियोगिताहरूको कारण नेपाली फुटवल खेलाडिहरूले यस खेललाई रोजगारको रुपमा लिन सकेका छन ।

यी माथिका राष्ट्रियस्तरका खेलहरूमा सहभागी हुनका लागि आवश्यक सबभन्दा पहिला विभिन्न डिभिजनका राष्ट्रिय लिगमा उत्कृष्ट प्रदर्शन गरी अनुभव बटुल्ने, त्यसपछि मात्र माथिल्लो स्तरमा छनौट हुन सफल हुन्छ। विशेषगरी कीर्तिपुरले स्कुलस्तर प्रतियोगिता तथा विभिन्न स्थानीय क्लबस्तर प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी विजेता भएका उदाहरणहरू थुप्रै छन । यस भेगका विभिन्न क्लबहरूले बि डिभिजन र सि डिभिजनका छनौट खेलमा सहभागिता जनाइसकेका छन । तर फुटवल खेलमा प्रसस्त लगानी गर्न नसकेकोले र निरन्तर रुपमा खेल खेल्न मैदानको अभाव भएको कारणले गर्दा यसैलाई उकास्न गाऱ्हो भएको थियो । यस क्षेत्रमा फुटवल खेल्ने खेलाडिहरूको कमी छैन । यस क्षेत्रबाट ए डिभिजन र बि डिभिजनमा समेत सहभागी भइसकेका खेलाडिहरू धेरै छन तर आर्थिक अभावको कारण आफ्नै क्षेत्रबाट एक व्यवस्थित फुटवल टिम बनाई अगाडि बढाउन नसकेको अवस्था रही आएको थियो। यसै कुरालाई समाधान गर्न गत भाद्र २ गते कृष्ण क्याटरिंग हलमा संयोजक ई.दुर्कमान महर्जनको संयोजकत्वमा ब्याईज युनियन स्पोर्टस क्लबको सम्बन्ध कीर्तिपुर क्षेत्रलाई प्रदान गर्ने विषयमा एक अन्तक्रिया कार्य सम्पन्न भएको छ । ब्वाइज युनियन स्पोर्टस क्लब काठमाण्डौंको एक परिचित क्लब हो। यो क्लबले ए डिभिजन राष्ट्रिय लिगमा समेत सहभागी जनाइसकेको क्लब हो। तर अहिले आएर उचित व्यवस्थापन र आर्थिक समस्याले गर्दा यो क्लब सी डिभिजनमा झरी सकेको छ । तसर्थ यस ब्वाइज युनियन क्लबलाई कीर्तिपुरका फुटवल प्रेमीहरूले आफ्नो सम्बन्धन प्राप्त गरी यहि आउँदो भाद्र २० गतेदेखि हुने सी डिभिजन राष्ट्रिय लिगमा सहभागिता जनाउने उद्देश्यले उक्त अन्तर्क्रिया कार्यक्रम भएको थियो । ब्वाईज युनियन क्लबका फुटवल प्रशिक्षक बुद्ध महर्जनको सक्रियतामा ब्याईज युनियन क्लब काठमाण्डौंलाई कीर्तिपुरको नयाँ व्यवस्थापनबाट शुरु गर्ने योजना ल्याएको हो।यदि यो गर्न सकेमा कीर्तिपुरका फुटवल खेलाडिहरू र अरू बाहिरबाट ल्याउन सक्ने अर्थात उक्त क्लबमा पूर्व खेलाडिहरू सम्मिलित भई हामीले सोझै सी डिभिजन राष्ट्रिय लिगमा खेल्न पाउने अवसर सिर्जना हुन्छ । हाम्रो क्षेत्रका अधिकतम खेलाडिहरूले सहभागिता जनाउने अवसर हुन्छ यो एउटा सकारात्मक पक्ष हो । तसर्थ उक्त सी डिभिजन लिग चरण सम्मको निमित आजको कार्यक्रमबाट ई.दुर्कमान महर्जनको संयोजकमा एक समिति बनाईएको छ जस्मा उप संयोजकको रुपमा पूर्णमान महर्जन रहेको छ। अन्य खेलप्रेमी साथीहरू पनि सदस्यहरूको रुपमा रहेको छ । विशेष गरी यस सम्बन्धनलाई कानूनी मान्यता प्राप्त गर्ने र त्यसपछि त्यसलाई निरन्तरता कसरी लाने भन्ने मूल विषयमा छलफल केन्द्रित भएको थियो । फुटवल खेलको महत्व र सम्भाव्यता बारे प्रा.डा. श्यामकृष्ण महर्जनले आफ्नो विचार राख्नु भएको थियो। साथै विभिन्न व्यक्ति र संघ संस्थाबाट आर्थिक एवं भौतिक सहयोग गर्ने वचन पनि दिइएको थियो। जसमध्ये सूर्यज्योति क्लबले रु.१० हजार, पासा वचत ढोकासीले रु.५ हजार, हरि वहादुर महर्जनबाट रु १ हजार तथा दयाराम महर्जनबाट रु. ५ हजार नगद सोही कार्यक्रममा दिनु भएको थियो ।

आगामी भदौ २० गतेदेखि हुने सी डिभिजन राष्ट्रिय लिगमा सहभागिता जनाउने उद्देश्यले हालै मात्र सम्याउन शुरु गरेको कीर्तिपुर सामुदायिक फुटवल मैदानमा अभ्यास पनि केहि दिन अगाडि शुरु गरि सकेका छन । यस कीर्तिपुर क्षेत्रका खेलप्रेमीहरूले अभ्यासको लागि अनुरोध पनि गरिएको छ साथै यस क्षेत्रका खेलप्रेमीहरूलाईसक्दो आर्थिक भौतिक सहयोगको लागि अनुरोध पनि गर्न चाहन्छु। जसले गर्दा कीर्तिपुरको फुटवल इतिहासलाई अझ नयाँ सिराबाट अगाडि बढाउन उत्साह मिलोस्।

# हिलटाउन स्कुलमा भानु जयन्ति

नेपाली साहित्यिका आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीको अवसरमा हिल टाउन उच्च मा.वि. कीर्तिपुरले हरेक वर्ष नेपाली साहित्यिक कार्यक्रम आयोजना गर्दै आएको छ । यस वर्ष पनि असार २९ गते १९९ औं भानुजयन्तीको अवसरमा नेपाली साहित्यिक कार्यक्रम अन्तर्गत कविता लेखन तथा वाचन प्रतियोगिताको आयोजना गरियो। उक्त दिन प्रतियोगी विद्यार्थीहरूले सोहि दिन मात्र दिइएको "बादल" शीर्षकमा आफ्ना भाव पोखेर निर्णायकहरू र दर्शकसामू वाचन गरे । कार्यक्रममा अप्रतियोगी रुपमा पनि केही भाइबहिनीहरूले दैनिकी, कथा, कविता, निबन्ध आदि प्रस्तुत गरेका थिए।

कक्षा ५, ६ र ७ अनि कक्षा ८, ९ र १० गरी जम्मा दुई समूहमा विभाजित उक्त कार्यक्रममा झण्डै ३५ जनाको सहभागिता थियो । पहिलो समूहबाट प्रसंसा खड्का (६), लइसा अधिकारी (७) र शेखर खड्का (७) क्रमशः प्रथम, द्बितीय र तृतीय हुन सफल भए दोश्रो समूहतर्फ सुस्मीता मानन्धर (१०) र रोहिणी शाही (९) र सुष्मा गिरी (९) क्रमशः प्रथम, द्बितीय र तृतीय भए। सम्पूर्ण विजेता भाइ बहिनहिरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो। कार्यक्रम कक्षा ९ की छात्री सन्जु महर्जनले निकै रोचक ढंगले संचालन गरेकी थिइन्। तत्काल दिइएको शीर्षकका पनि यति राम्रा कविताहरू तयार गरेकोमा निकै खुसी लागेको बताउँदै निर्णायकबाट पनि कविता वाचन भएको थियो।

पुरस्कृत कविताहरू
बादल
सुन्दर प्रकृतिको अंग भएकी छु म बादल
पृथ्वीको रक्षक जस्तै भएकी छु म बादल
पृथ्वीको अरु अंगलाई साथ दिन्छु, म बादल
पृथ्वीको जीवनलाई स्वच्छ तुल्याउँछु म बादल
घाम, हुरी, बतास सँग
नडराई अघि बढ्छु म
लोकहितको लागि सदैव
आफ्नो कर्तव्यपालन गर्छु म
गृष्म होस् या सरद होस
असार होसर या वसन्त होस
यी ऋतुको सानोसानो परिवर्तनमा
म बादलले सदैव साथ दिन सकूँ

आफ्नै अन्त भए भएपनि
असारमा किसानका खेत भिजोस्
आफ्नो बास अन्त कतै सरे पनि
मानवहितको लागि वसन्तमा
यो गगन खुलोस पनि
गर्मीमा धर्तीको छायाँ बनी
जाडोमा घामबाट पछाडि सरी
गर्छु म रक्षा यो धर्तीको
जोगाई एक एक अंग प्रकृतिको
मेरो जीवन छ समर्पित
मानव कल्याणको लागि
यसरी नै बन्छु म मैनबत्ती सरी
यो धर्तीलाई सधैं चम्काउनका लागि
–सुस्मिता मानन्धर, कक्षा १०

**बादल**
बादल तिम्रो घर हो आकाश
तर कहिले काही हुरी गरिदिन्छ नाश
जीउडाल छ तिम्रो कपासजस्तै नरम
लाग्छ मलाई तिमीजस्तै ठाउँठाउँमा सरम
पञ्च महाभूत मध्ये तिमी एउटा
शक्तिशाली तिमीलाई मान्छन् पूजी देवता
सेवा तिम्रो अटल भई अदृश्य
अचम्मको लिला छ लुकाइएको रहस्य
भूत, वर्तमान, भविष्यत छौ प्रकृतिको साथ
प्रेसर तिम्रो बढ्यो भने गर्छौ फेरि उत्पात
खाली आकाशमा हुन्छ सधैं तिम्रो बसाई
आकाशमा सधैं बसी किन गर्छौ रजाई ?
दिन्छौ तिमी पानी चाहिएको बेला
बगाउँछौ खोला पनि रिसाएको बेला
राम्रो नराम्रो सबै काम एकैसाथ गर्छौ
तर कहिलेकाही दुनियालाई दुखी पनि पार्छौ।
(सुष्मा गिरी , कक्षा : ९, हिलटाउन स्कूल

**बादल**
आकाशमा के छ ?
बादल छ बादल !
बजाउँछ यसले
ढोलक र मादल ।
कहिले तिमी पार्छौ पानी
कहिले पार्दैनौ
कहिले छेक्छौ घामलाई
कहिले छेक्दैनौ
तिमीलाई हेर्दा बच्चाहरू
अति रम्ने
पानी पार्दा तिमीले
इन्द्रेणी झर्ने।
सुन्दर पार्छौ तिमीले
हाम्रो देशलाई
इन्द्रेणीको रङ्ग छरि
यो संसारलाई
किन हुन्छौ तिमी टाढा
आउन नजिक
यो ज्यानलाई हुन देऊ
आफ्नो शरीर
आकाशमा के छ ?
बादल छ बादल
बजाउँछ यसले
ढोलक र मादल ।
प्रशंसा खड्का
कक्षाः ६, हिलटाउन स्कूल

**बादल**
गगनमा पिल्सिएर बस्ने यो बादल
धर्तीमा झर्दाखेरी बन्छ यो पानी साथी
बादलकै सहायतामा सर्वस्व धर्ती हुन्छ शितल
तर म, अझै पनि सोध्दछु साथी बादल
किन बस्छौ तिमी माथि माथि
आऊ यो रसरागयुक्त भूमिमा
तिमीलाई साथ दिने कार्य, प्राणीका निम्ति छ गरिमा
तिम्रो पर्खाइमा छौं हामी, अनेकौं विचार धारा मस्तिष्कमा
आएर हाम्रो मन प्रफुल्ल पार दिएर केबल परिचय
बादल तिमी तल्लीन छौ मानवजातिको भलाईमा
तिमी बिना हुन्छ जीवन साँच्चै असम्भव
त्यसैले त म सोच्दछु, बादल तिम्रो अभाव चरा-चुरुङ्गी त परै जाओस छैन प्राणीको निशाना अव ।
वसन्त ऋतुमा रमाउने यो बादललाई
ढोग्छन सब मानव, ठान्छन् गरेका टेवा मानवले प्रसन्न भई फूलमाला लगाइन्छ यसलाई
तर म अन्त्यमा भन्छु बादललाई पूजेर
हुन्न साथी, प्रकृतिसँगको तादाम्यता बढाऊ
अनि मात्र पाउँछौं हामी मेवा ।
रोहिणी शाही, कक्षा ९,हिलटाउन स्कूल

# थुनुवाको डायरी–५५




## २०६७/०८/२५ शनिबार छैंसाठी दिन

आज ४.४५ बजे मेरो निद्रा खुल्यो। बाहिर गएँ। नित्यकर्म गरेर देवी देवता ढोगेर आएँ। आज पनि बाहिर कुहिरो छैन। कीर्तिपुर डाँडामा झिलीमिली बत्ती बलिरहेको छ।

मेरो जिन्दगीको अहम दिन हिजो के भयो होला ? म अझ यो जेलमा बस्नै पर्ने हो कि या भोलिनै छुटेर जान पाउने हो कि ? हिजो अदालतमा के निर्णय भयो होला मलाई थाहा छैन। यदि हिजो मलाई सामान्य तारिखमा छाडेको भए आज छोरा चाँडै आएर खबर गर्नेछ। यदि जिल्ला सदर गरेको थियो भने खाजा लिएर १२ बजेतिर आउने छ। सामान्य तारिखमा छुट्न पाओस भनेर सिद्धिगणेशसँग आशिष मागेको छु। सिद्धिगणेशलाई २१ वटा लड्डु चढाउने, बाघभैरव बाबाकहाँ साँझ बत्ती बाल्ने भाकल गरेको छु। हेरुं मेरो भाकल पूरा हुन्छ कि हुन्न। आज सपनामा पनि मलाई कसैले तिमी तारिखमा छुट्यौं, तिम्रो इच्छा पूरा भयो भन्न आयो। तर त्यो आवाज दिने मानिसलाई मैले देखिनँ। अब मैले धेरै सोच्नु हुँदैन। मनमा धेरै कुरा खेलाउनु हुँदैन। म पागल हुन सक्छु। मनमा धैर्यता राख्न सकेन भने पागल हुन के बेर ? हिजो जे जस्तो फैसला गरेको भएपनि मैले सहर्ष स्विकार गर्नुपर्छ। यहाँ एक जना केटा बाहिर बाटोमा ओहोर दोहोर गरिरहन्छ। दुब्लो पातलो जिउ, सामान्य कदको अहिले ऊ २५ वर्षजतिको भयो होला। ऊ कसैसँग पनि बोल्दैन। अरू मानिसहरू बसिरहेको ठाउँमा ऊ बस्न पनि आउँदैन। कहिले एक्लै बसेर हाँसीरहन्छ, कहिले ओठ चलाइरहन्छ तर आवाज बाहिर निस्कँदैन। एकदिन मैले उसको बारेमा नीरबहादुरसँग सोधें। उसले यसरी बतायो।

'उसको नाम आईते तामांग हो। ऊ 'त्याक त्याक' केसमा आएको हो (यहाँ जेलमा जबर जस्ती करणीलाई 'त्याक त्याक' केस भन्छन) छ वर्ष पहिले प्रहरी खोरमा हामीसँगै थियौं। यो आईते र उसको साथी हरि दुबैजना भक्तपुर-काठमाडौं चल्ने मिनि बसको खलासी थिए। उसको साथी हरि विवाहित र ऊ अविवाहित थियो। त्यतिबेला सानो ठिमीमा एउटी केटी थिइन। पैसा पाए जोसँग, जहाँ पनि सुत्न तयार हुन्थिइन। एकदिन आईते र उसको साथीले ती केटीलाई पाँचसय रुपैया दिएर खेतको छाप्रोमा लगेर यौन सम्पर्क राखेछ। खेतवालाले देखेर हल्ला गऱ्यो। गाउँले जम्मा भए। केटीले आफ्नो इज्जत जोगाउन जवर जस्ती गरेको आरोप लगाइन। दुवैजनालाई समातेर प्रहरीमा बुझाइदिए। मुद्दा चल्यो। न्यायाधिशले म्यादै नथपीकन दुईजना मध्ये एकजनाले ती केटी विवाह गरेमा मुद्दालाई अगाडि नबढाउने भन्यो। पहिले आईतेसँग सोधेछ। आईतेले भन्यो, "मैले योसँग सुत्न पाएकै थिएन। गाउँलेले समातेर ल्याए। हरिले स्वास्नी राखीसकेकी केटीलाई म कसरी आफ्नो स्वास्नी बनाउँ ?" हरिलाई भन्यो। हरिले पनि जवाफ दियो, "मेरो घरमा स्वास्नी बच्चा छ।" यसरी दुबैजनाले केटीसित विवाह गर्न नमानेपछि न्यायाधिशले दुबैजनालाई दश दश वर्षको जेल सजायँ सुनायो। त्यसबेला एकचोटि आईते बेस्सरी हाँसेको थियो रे। गर्नेलाई पनि दश वर्ष कैद, म केही नगर्नेलाई पनि दश वर्ष कैद भयो भनेर करायो रे। त्यसबेलादेखि आईते यस्तै छ। यसको घर कहाँ हो, यसको आमा बाबु को हुन ? कसैले आजसम्म उसलाई भेट्न आएका छैनन्।

मानिसले आफ्नो मनको वेदना पोख्न पाएन भने अर्थात् मनमै गुमसाइ राख्यो भने यस्तै पागल भइन्छ। त्यसैले त मैले यो डायरी साथी बनाएको छु। हिजो मेरो केसको बारेमा एकजनाले भन्यो, "लागुऔषध, जिउमास्ने बेच्ने, वन मुद्दा र ज.क.मा धरौटी खुल्दैन। जिल्ला अदालतले बढी सजायँ तोकेमा पुनरावेदन या सर्वोच्चले सजायँ घटाई दिन सक्छ।" अर्कोले भन्यो, "दाइको केसमा धरौटी होइन, सामान्य तारिखमा छुट्न सक्नुहुन्छ।"

फेरि अर्कोले भन्यो, "दाइको केस ज.क.उ.नै होइन। हद सजायँ भए यौन दुर्व्यवहारको केस हुनसक्छ। यसमा बीस हजार रुपैयाँ जरीवाना वा छ महिना कैद हुनसक्छ।" यहाँ यस्तै छलफल हुन्छ। हिजो के भयो आज थाहा भैहाल्छ। किन टाउको दुखाउने ? ६ बजे नम्बर खुल्यो। आज कोठामै कफी बनाएर खाएकोले होटलमा जानु परेन। रेडियो सुन्दै बाहिर ग्राउण्डमा घुम्न थालें। आज होटलमा चना तरकारी र अण्डा बनाइ राखेका छ। एउटा अण्डा र एक प्लेट चाना तरकारी लिएर खाएँ। ओमशान्तिमा गएँ। ७.१५ भैसक्यो। बाहिरबाट कोही पनि भाइजी आउनु भएन। त्यसैले दिनेशले मुरली पढ्न थाल्यो। एक पेजमात्र पढ्नु भएको थियो नवराज भाइजी आउनु भयो। उहाँले नै मुरली पढेर सुनाउनु भयो। ८.३० बजे उहाँ जानुभयो। आज खेमराजजीले दुध विस्कुट भोग चढाउनु भयो। मैले पनि खाएँ। आज मलाई भेट्न छोरा चाँडै आउँछ कि भनेर मैले चाँडै भात खाएर घाम तापेर बसें। फेरि कोठामा आई पल्टिर हें। आज राजकुमार नकर्मिलाई बोलाएको थिएँ। कविता र शर्मिलालाई एकचोटि यहाँ ल्याउनु भनेको थिएँ। त्यसैले उनीहरू पनि आउँछ कि जस्तो लागेका छ। १२ बज्यो। हाम्रो नम्बरका नाईके सहनाईके र भाइनाईकेहरूको रोलकल छ एकछिन बाहिर जानुस् भन्यो। म बाहिर गएँ। ओमशान्तिका हर्ताकर्ता नोर्बु छिरिंग लामासँग भेट भयो। उहाँसँग गफ भयो। के केसमा आउनु भएको भनेर सोधें। उहाँ लागु औषध अन्तर्गत १५ वर्ष कैद ५ लाख जरिवाना कैद सजायँ भोगिरहनु भएको छ। ५ लाख तिर्न नसकेर थप ४ वर्ष बस्नु पर्ने भयो। अहिलेसम्म उहाँ १७ वर्ष ५ महिना बसिसक्नु भएको छ। अब १९ महिना अरू बस्नु छ। उहाँसँग कुरा गरिर हेपनि मेरो कान माईकमा नै र ह्यो। माईकबाट कतिजनाको नाम बोलाउँछ भनेर औंला गनिरहें। ५० जनासम्ममा मेरो नाम बोलाउँछ कि भनेर गनिरहें। ५० जनाको नाम पनि नाघ्यो। तैपनि मेरो नाम बोलाएन। मेरो मन छटपटियो। १.३० बज्यो। मेरो मन छटपटियो। म कोठामा आएर डायरी लेख्न थालें। नर बहादुर श्रेष्ठको नाम बोलायो। शिव मल्ल ठकुरीको नाम बोलायो। परशुराम खडकाको नाम बोलायो। हिजो परशुरामले भनेको थियो, "मेरो स्वास्नीलाई थुनेर कार वाही गर्न पाउँ भनेर सरकारी वकिलले पुनरावेदनमा मुद्दा हालेको थियो। कहिं उनलाई पनि समात्यो कि ?" उसले चिन्ता व्यक्त गरेको थियो। त्यही भएर यतिबेलासम्म पनि भेट्न नआएको होला। मेरो छोरा किन आएन त ? अरूबेला त शुक्रवारै खवर गर्न आउँथ्यो। हिजो भ्याएन। आज त यतिबेलासम्म आउनै पर्ने हो। मेरो मनमा शंका पैदा भयो। घरमा कसैलाई केही भयो कि ! अहिले २ बज्यो। म फेरि बाहिर गएँ। २ बजेपछिको प्रत्येक क्षण मेरो लागि असह्य पिडाको क्षण बन्यो। माईकको प्रत्येक आवाजले मेरो कान ठाडो पार्न थाल्यो। शिवमल्ल ठकुरीसँग भेट भयो। के भयो भनेर सोधें। जिल्लाबाट उसको म्यादीको बकपत्रको सक्कलीप्रति मगाएको छ। अब अर्को हप्ता फैसला हुन्छ होला भन्यो। २.३० भयो अब छोरा आउने आशा रहेन। छोरा किन आएन ? मलाई मेरो पेशीभन्दा छोरालाई केही भयो कि भन्ने चिन्ता हुन थाल्यो। अथवा घरमा कसैलाई केही भयो कि ? यस्तै शंका उपशंकाले मन गोलमाल भयो। बाहिर मिलन गुरुंग भेटभयो। एउटा कागजमा निरजको मोबाईल नम्बर लेखेर हिजोको पेशीमा के भयो सोधी दिनु भनेर दिएँ। आज होटलमा चाउमिन बनाएको रहेछ। मिलनको बाटो पर्खेर एकप्लेट मिक्स चाउमिन खाएँ। मिठै रहेछ। एक कप दूधवाला चिया पनि पिएँ। ५५ रुपैयाँ दिएँ। मिलनले कुनै खवर दिएन। ३ बज्यो तैपनि केही खवर आएन। फेरि अर्को चिट लेखेर शिव बुढाथोकीलाई दिएँ। उहाँले नम्बर सहनाईके सूर्य लामालाई दिनुभयो। हेरुं के खवर लिएर आउँछ। उनीहरू दुवैजनाले मलाई बा भनेर सम्बोधन गर्नुहुन्छ। मेरो इज्जत गर्नुहुन्छ। मलाई खुब माया पनि गर्नुहुन्छ। मेरो मुहार अलिकति खिन्न भयो कि बा के भयो ? जिउ सञ्चो छैन कि भनेर सोध्नु हुन्थ्यो। यो ५ नम्बर सेल्टरका सबैजनाले मलाई माया गर्नुहुन्छ। बा या अंकल भनेर सम्मान गर्नुहुन्छ। मिलन भेटिन्छ कि भनेर बाहिर गएँ। म यो जेलमा आएको छैंसाठी दिन भयो। मेरो मन यति कहिल्यै छटपटाएको थिएन। टन्टलापुर घाममा मरुभूमिमा हिंडिरहेकोजस्तो लाग्छ। म प्यासले छटपटाइरहेको छु। एक बुंद पानी पनि मेरो लागि अमृत सरह भैरहेको छ। मरुभूमिमा टल्किरहेका वालुवाका ती प्रत्येक कणमा मैले पानीको अनुभूति गरिरहेको छु। तर सबै व्यर्थ, झूठ सावित भैरहेको छ। म कोठामा आएँ। भित्र पस्ने बितिक्कै शिवले भन्यो, "बा तपाईंको छोरासँग कुरा भयो। पुनरावेदनले जिल्ला अदालतबाट सक्कली मिशिल मगाएको छ। अर्को हप्तामात्र फैसला हुन्छ भन्ने खवर आएको छ।"

यति के सुनें मेरो मन आनन्दित भयो। म गहन विरामीबाट एकाएक सञ्चो भएकोजस्तो भएँ। म बाहिर घुम्न गएँ। मिलन गुरुंग भेट भयो। उहाँले पनि त्यही खवर दिंदै भन्नुभयो, "तपाईंलाई लिन भोलि राजकुमार चाँडै आउने छ।" यो सुनेर मेरो मन झन हर्षित भयो। आज ८ बजेनै रुम प्याक नम्बर लाग्यो। बाहिर बत्ती बलेन। त्यसैले म बाहिर नगैकन सुतें। क्रमशः........

# सुरेश स्मृति पहिलो विद्यालय स्तरीय फुटसल प्रतियोगिता

नयाँबजार क्लबको आयोजनामा गत भाद्र ४ गते मंगलवार देखि दिवंगत क्लबका भू.पू. अध्यक्ष सुरेश महर्जनको सम्झनामा तथा क्लबको वार्षिक उत्सवको उपलक्ष्यमा सुरेश स्मृति पहिलो विद्यालय स्तरीय फुटसल प्रतियोगिता सञ्चालन गरेको थियो।

कीर्तिपुर सामुदायिक वास्केटवल कोर्टमा फोर ए साईड फुटसल प्रतियोगिता आयोजना गरिएको थियो। उक्त प्रतियोगिताको उद्घाटन प्रमुख अतिथि प्रा.डा. रामकृष्ण महर्जनले अफिसियलहरू लाई बल हस्तान्तरण गरी गर्नु भएको थियो।

यस खेलमा पुष्प सदन आ.मा.वि,मङ्गल उच्च मा.वि. उज्ज्वल शिशु निकेतन, लेबोरेटरी मा.वि. पाँगा मा.वि., जनसेवा उच्च मा.वि. हिलटाउन र राराहिल गरी ८ वटा टिमले भाग लिइरहेका छन।

यो प्रतियोगिता लीगकम नकआउटको आधारमा सञ्चालन गरिएको थियो। वास्तवमा फुटवलको शिप अनुसार विशेष किसिमको बल प्रयोग गरी खेलिने खेल फुटसल हो।

सानो कोर्टमा खेलिने भएकोले यो खेलको विकास हुने धेरै सम्भावना रहेको छ। फुटवलको लागि चाहना भएर पनि ठाउँको अभावमा खेल्न नसक्ने खेलाडिहरूको लागि यो एउटा वैकल्पिक खेल हो तसर्थ यो हाम्रो माटो सुहाउँदो राम्रो खेल हुने सम्भावना छ जस्को लागि प्रचार प्रसार अर्थात प्रवर्द्धनको जरुरी हुन्छ।




रा.खे.प.को कभर्डहलमा गत भाद्र २ गते सम्पन्न प्रथम विश्व विद्यालय खुल्ला नकआउट फुटसल च्याम्पियनसिपको उपाधि गोल्डेन गेट इन्टरनेशनल कलेज ए टिमले हात पारेको छ। फाइनल खेलमा ह्वाईटहाउसलाई ४-१ गोलले हराई प्रथम भएको थियो। गोल्डेन गेटको लागि रवि थापा, निराजन मल्ल, शिव श्रेष्ठ तथा सुलभ मास्केले १/१ गोल गरेका थिए भने ह्वाईटहाउसको लागि कमल श्रेष्ठले सान्त्वना गोल गरेका थिए। विजयी गोल्डेन गेटले पुरस्कार सहित नगद रु.२५ हजार तथा ह्वाइट हाउसले नगद रु.१५ हजार प्राप्त गरेका थिए। विश्व विद्यालय खेलकुद संघ नेपाल द्वारा आयोजित यस प्रतियोगितामा पाँच विश्व विद्यालयका ३२ वटा टिमको सहभागिता रहेको थियो।

# मंगल उच्च मा.वि.मा रक्तदान कार्यक्रम

२०६९ भाद्र २ गते मंगल उच्च मा. वि.को स्वर्ण जयन्तीको उपलक्ष्यमा 'थोपा थोपा रक्तदान, बचाऔं लाखौको प्राण' भन्ने नारका साथ मंगल युथ रेडक्रस सर्कल र रोट्राक्ट क्लब अफ काठमाडौं मिड टाउनको संयुक्त आयोजनामा मंगल उच्च मा.वि.को प्राङगणमा रक्तदान कार्यक्रम सम्पन्न भयो।

मंगल उच्च मा.वि.का प्र.अ श्री प्रदिप महजर्नद्वारा रगत संकलन गर्ने ब्याग मंगल युथ रेडक्रस सर्कलकाका संयोजक तथा यस कार्यक्रमका संयोजक श्री प्रवेश शाक्यलाई हस्तान्तरण गरि उद्घाटन गरियो। ९६ जनाले रक्तदानको लागि नाम दर्ता गराएको उक्त कार्यक्रममा ८ जना महिला र ६४ जना पुरुष गरि जम्मा ७२ जना सहभागिले मात्र रक्तदान गर्न सफल हुनुभयो।



## हैन त ? –निरज




राष्ट्रिय दैतिक पत्रपत्रिकामा वर्गीकृत तथा अन्य संचार माध्यममा विज्ञापन गर्नु गर्नु परेमा किपू बूक प्वाइन्टलाई सम्पर्क गर्नु होला ।

**किपू बुक प्वाइण्ट**

**कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५**

# 'दलदल र बलबलमा फसेको अवस्था'



**ब्यंग सन्देश**

सरथ कुमार महर्जन

नेपाल दिनप्रतिदिन दलदलमा फसेको छ । देशलाई संक्रमणकालिन अवस्थाबाट पार लगाउन सकेको छैन र संक्रमणकाल अझ कति बढ्ने त्यो पनि यकिन छैन । देशमा स्थायी शान्ति र नयाँ संविधान पाउने अवस्था धेरै कोस टाढा पुगिसकेको अवस्था छ । अथवा आजभोलि अग्रगामी, यथास्थितिबादी, क्षेत्रियवादी नेताहरूको रवैया हेर्दा देश पाखुरी बलबलमा फसेको छ । जस्को हातपाखुरा बलियो छ, जस्को हातमा हुलमाहुल छ, जस्को हातमा लाठी र बलबन्दुक छ । उसको हातमा सरकार हुने अवस्था छ । यहाँ न संविधान सभा वा संसद छ , न संविधान अनुसार देश अघि बढ्न सक्छ। न राष्ट्रपति सक्रिय हुन सक्छ न ऊ निस्क्रिय भएर राष्ट्रको पति हुन सक्छ । देश झन झन भासिदो दलदलमा फसेको छ। अनावश्यक बलबलमा फसेको छ।

देशमा महंगीले आकास छुन लागि सक्यो, त्यहाँ दलहरूको कुनै गुनासो, मतलव छैन। महगी विरुद्ध आन्दोलन छैन। देशमा भ्रष्टाचारले देश सकिन लागि सक्यो, त्यहाँ कुनै दलहरूको कार्यक्रम छैन । देशमा बाढी पैह्रो, सडक दुर्घटनाले कतिले ज्यान गुमाइ सक्यो, त्यहाँ सडक सुधार का कुनै योजना छैन । देशमा कुनै नयाँ कार्यक्रम छैन, खाने, लाउने र बस्ने ठाउँ बनाउने वाहेक, देशको विकास पनि दलदलमा फसेको छ , हरेक ठाउँमा नयाँ कुनै योजना गर्न सकेको छैन । देशको विकास पनि दलहरूको भागबण्दामा परेको छ। अझ भनौं सरकारका हिमायतीहरू पनि देशको विकास भन्दा आफ्नो विकास मात्र खोज्ने अवस्थाले यहाँ सरकारको भएको अनुभूति र प्रतिपक्ष भएको महसुस गर्न सकेको छैन । एकातिर राजनीति केन्द्रमा मात्र सिमित हुन पुगेको छ । जस्को हातमा दुईचार ठाउँमा बोल्ने, अतिथि हुने, पक्षले विपक्षलाई र विपक्षले सरकारलाई गालीगलौज गर्ने, धम्कि दिने, लडाईको मैदान तयार गर्ने, सिंगल, सिंगल वा समुह समुह वा संघसंस्थाहरूबीच झगडा गर्ने अवस्था मात्र बनेको छ। त्यसैले पनि हामी दलदलमा भासेका छौ. वा बलबलमा फसेका छौ.

हुन त बहुदलिय लोकतान्त्रिक व्यवस्थामा दलहरू रहनु स्वभाविक प्रक्रिया होला । कुनै व्यक्ति कुनै एउटा दलमा आस्था होला, कुनै व्यक्ति अर्को दलमा विश्वास होला। तर पनि उनीहरूको काम भनेको एकै प्रकारको हुने गर्दछ। कुनै दलसंग आवद्ध भएर जनताको सेवा गर्ने, देश विकास गर्ने, मानव अधिकारको संरक्षण गर्ने, अन्यायको विरोध गर्ने वा न्याय समान्ताको काम गर्ने । यस्तो पुणित कार्यमा प्रतिस्पर्धा गर्दा जनतालाई पनि दलहरूको आस्थामा बृद्धि हुन स्वभाविकै हुन्छ । महंगीको विरोधमा आवाज उठाउन, शान्तिको आवाजहरू उठाउनु जस्ता कार्यहरू आज ओझेलमा परेको छ । त्यसैले दलहरू पनि दलहरू पनि दलदलमा फसेको छ भन्दा कसैलाई चित्त त दुख्न सक्छ तर खण्डन गर्न सक्तैनन् । र देश काल परिस्थितिले बल सबैलाई चाहिने भयो । बल नहुनेले केही गरी खान पनि नसक्ने अवस्था बनेको छ । बल भन्नाले यहाँ पाखुराको बल, समुहको बल, बोल्न सक्ने बल, लेख्न सक्ने बल, बन्दुकको बल, संगठनको बल, संघसंसस्थाको बल भनेर लिन सकिने छ ।

## लँ च्वना दिसँ

**जनकवि दुर्गा लाल श्रेष्ठया च्वसाय् गुज्जे मालाकारया लसय् नेवाः म्ये म्यूजिक भिडियो "झी नेवाः" मंगल उच्च मा.वि. किपूया स्वर्ण जयन्तिया लसताय् थ्वहे ला दुने पिथने त्यंगु दु । पिकाकः मंगल उच्च मा.वि, किपू –३**

# विश्व नेवाः संगठन नेपाल संयोजन समितिमा कीर्तिपुरका महर्जन



विश्वभरका नेवार समुदायलाई एकता बनाउने र नेवाः भाषा, संस्कृति लगायतका क्षेत्रमा कार्य गर्नका लागि गठन गरिएको वर्ल्ड नेवा अर्गनाइजेशनको नेपाल संयोजन समितिमा कीर्तिपुरवासी श्रीकृष्ण महर्जन पनि चयन भएको छ।

नरेन्द्रभक्त हाडा संयोजक रहनु भएको वर्ल्ड नेवाः अर्गनाइजेशन नेपाल संयोजन समितिका सदस्यमा कीर्तिपुरवासी एवं कीर्तिपुर सन्देश साप्ताहिकका सम्पादक श्रीकृष्ण महर्जनका साथ साथै अन्य सदस्यहरूमा गणेशराम लाछि, रत्नकाजी महर्जन, शाक्य सुरेन, अर्थ तुलाधर, पुस्कर माथेमा, कस्तुरी श्रेष्ठ र रश्मीला प्रजापति चयन भएको छ । वर्ल्ड नेवाः अर्गनाइजेशनका अध्यक्ष डा. बालगोपाल श्रेष्ठको सभापतित्वमा गत आइतवार ललितपुरमा भएको भेलाले नेपाल संयोजन समिति गठन गरेको हो ।

सो कार्यक्रममा वर्ल्ड नेवाः अर्गनाइजेशनका प्रमुख संरक्षक सत्यमोहन जोशी, संरक्षक प्रा. माणिकलाल श्रेष्ठ, डा. महेशमान श्रेष्ठ, लक्ष्मण राजवंशी, नेवाः देय् दबूका अध्यक्ष नरेश ताम्राकार , नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समिति सचिवालयका संयोजक मल्ल के सुन्दर लगायत नेवाः आन्दोलनका अगुवा, नेवाः भाषा, सहित्य, कला लगायत क्षेत्रका क्रियाशिल एवं नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका विशिष्टि व्यक्तिहरूको उपस्थिति थयो ।

# नेवाः पत्रकार राष्ट्रिय दबूको भक्तपुर शाखा



देशभरीका नेवाः पत्रकारहरूको साझा संगठन नेवाः पत्रकार राष्ट्रिय दबू भक्तपुर शाखाको पहिलो अधिवेशन गत शनिवार भक्तपुरमा सम्पन्न भएको छ । सो अधिवेशनले सगरमाथा टेलिभिजनका केके मानन्धरको नेतृत्वमा नेवाः पत्रकार राष्ट्रिय दबू भक्तपुर शाखाको नेतृत्व समेत चयन गरेको छ ।

नयाँ नेतृत्वमा उपाध्यक्षहरूमा दिपक श्रेष्ठ र कृष्ण प्रजापति, सचिवमा सिमान्त सिल्पकार, सह सतिवमा रिता सुलु, कोषाध्यक्षमा सुमन श्रेष्ठ, सदस्यहरूमा राजाराम नापित, प्रतिमा सैंजु, विनोद कोजु, रमिता क्वायनाबासु, सुन्दर शिल्पकार चयन भएको छ ।

त्यसै गरि सल्लाहकारहरूमा बाबुकृष्ण साछैं, कृष्ण किसि, सुरेश सैंजु र नारायण सुन्दर किलम्बुलाई चयन गरिएको छ । भक्तपुरका प्रमुख जिल्ला अधिकारी जितन्द्रबहादुर भण्डारी प्रमुख अतिथि रहनु भएको सो कार्यक्रमा नेवाः आन्दोलनका अग्रज नरेन्द्रभक्त हाडा, नेपाल पत्रकार महासंघ भक्तपुर शाखाका अध्यक्ष नारायण किलम्बु, नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले आ आफ्नो मन्तव्य राख्नु भएको थियो ।



# बाघभैरव जात्रामा द्यःला समाजको सांस्कृतिक बाजा



प्रत्येक बर्ष झै यस बर्ष पनि गत भाद्र १ गते कीर्तिपुरमा बाघभैरव जात्रा भव्य रुपमा सम्पन्न भएको छ । यस बर्षको जात्रामा विगतमा भन्दा भिन्नै किसिमको रौनक ल्याउन सफल भएको छ द्यःला समाजको सांस्कृतिक बाजाले। नेवार समुदाय भित्र पनि व्यवहारिक रुपमा विभेदमा परेका समुदायको रुपमा मानिने द्यःला सामाजले बासुरी बाजा, धिमे बाजा सहित बाघभैरवको जात्रामा सक्रिय सहभागी भएका थिए । द्यःला समाजमा नीलः सांस्कृतिक पुचःका गुरु तेजमान बज्रचार्य, उज्वल महर्जन र अनुप महर्जनले सो बाजा प्रशिक्षण दिएका थिए । यसै बीच जात्राको क्रममा बाघभैरव जात्राको दिनमा बाघभैरव मन्दिर १०८ परिक्रमा गर्नाले आफ्नो मनोकामना पुरा हुने विश्वासका साथ मन्दिर परि क्रमा गर्नेहरूको घुईचो थियो ।